मध्यविन्दु नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १६ मितिः २०७८/०५/२९

## भाग-२

## मध्यविन्दु नगरपालिका

## करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधी, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/०५/२९
नगरप्रमुखबाट प्रमाणिकरण मितिः २०७८/०५/२९
राजपत्रमा प्रकाशित मितिः २०७८/०५/३०

सामुदायिक विद्यालयको स्वीकृत  दरबन्दीमा करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थालाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक भएकोले मध्यबिन्दु नगरपालिका शिक्षा ऐन २०७८ को दफा ४३ (१) (ष) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

मध्यविन्दु नगरपालिका

## परिच्छेद १- प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधी, २०७८ रहेको छ

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) "नगरपालिका" भन्नाले मध्यबिन्दु नगरपालिकालाई सम्झनुपर्दछ।

ख) "ऐन" भन्नाले मध्यबिन्दु नगरपालिका शिक्षा ऐन, २०७८ लाई सम्झनु पर्दछ ।

ग) "प्रमुख" भन्नाले मध्यबिन्दु नगरपालिकाका प्रमुखलाई सम्झनुपर्दाछ।

घ) "उपप्रमुख" भन्नाले मध्यबिन्दु नगरपालिकाका उपप्रमुखलाई सम्झनुपर्दाछ ।

न) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मध्यबिन्दु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्दछ ।

न) "शाखा" भन्नाले शैक्षिक प्रशासन शाखालाई सम्झनुपर्दछ ।

च) "प्रमुख शिक्षा अधिकृत"भन्नाले शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको जिम्मेवारी सम्हाल्न तोकिएको कर्मचारी सम्झनुपर्दछ।

छ) "शिक्षा आधिकृत" भन्नाले शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्दछ ।

छ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १२ बमोजिम गठन भएको समिति सम्झनुपर्दछ ।

ज) "शिक्षक" भन्नाले स्वीकृत दरबन्दी, राहत अनुदान कोटा र लियनमा कार्यरत शिक्षकलाई सम्झनुपर्दछ ।

झ) "बिशेषज्ञ" भन्नाले माध्यमिक, निम्न माध्यमिक तहको हकमा विषय बिशेषज्ञ र प्राथमिक तहको हकमा नगरपालिकामा सुचिकृत भएको बिशेषज्ञ सम्झनुपर्दछ ।

**३. पदपूर्तिः**

(१) सामुदायिक विद्यालयमा शिक्षक पद रिक्त भएमा विद्यालयले रिक्त रहेको तह , श्रेणी र विषय खुलाई सात दिनभित्र शाखामा जानकारी दिनुपर्दछ ।

(२) उपदफा (१) बमोजिम रिक्त पदमा विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित १५ दिनभित्र नगरपालिकामा पदपूर्ति आपूर्ति माग गर्नुपर्दछ ।

३) पदपूर्ति माग भएकोमा शाखाले तह श्रेणी र विषय खुलाई पदपूर्ति अनुमति दिनेछ ।

४) पदपूर्ति अनुमति प्राप्त भएपछि विद्यालयले दैनिक पत्रिकामा १५ दिनको विज्ञापनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

मध्यबिन्दु नगरपालिका

५) विज्ञापनको म्याद समाप्त भएपछि ऐनको दफा २७ बमोजिमको छनौट समितिले शिक्षक छनौट गरी करारमा शिक्षक नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ ।

**४. छनौट प्रक्रियाः**

(१) करारमा शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठ्यक्रम अनुसार परीक्षा संचालन गर्नुपर्नेछ।

(२) लिखित परीक्षा र अन्तरवार्ता समेतबाट उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई छनौट समितिले सफल उम्मेदवारको रुपमा करारमा नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति सिफारिस गर्नेछ।

३) शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोगबाट तोके बमोजिमको संख्यामा वैकल्पिक उम्मेदवार छनौट गर्नु पर्नेछ।

४) ऐनको दफा २१ बमोजिम छनौट समितिमा विशेषज्ञ छनौट गर्दा नगरपालिकामा सुचिकृत विषय विशेषज्ञ मध्यबाट परिक्षा संचालन हुने दिन भन्दा २४ घण्टा अगाडी, प्रमुख शिक्षा अधिकृत/ शिक्षा अधिकृत र छनौट समितिका अध्यक्ष, सदस्य र सदस्य सचिवको रोहवरमा गोला प्रथा द्वारा छनौट गर्नुपर्नेछ ।

## <u>परिच्छेद ३- बिशेषज्ञसम्बन्धि व्यवस्था</u>

**५. विशेषज्ञ सूचीकरण प्रक्रिया :**

(१) ऐनको दफा २७ बमोजिमको कार्य गर्न विशेषज्ञ हुन चाहने स्थायी शिक्षकले नगरपालिकाले सूचना प्रकाशित गरी तोकेको अवधि भित्र निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दर्ता गर्दा संलग्न राख्मुपर्ने कागजातहरु को साथमा नयाँ पाठ्यक्रम अनुसारको नमुना प्रश्न पत्र पेश गर्नुपर्नेछ ।

(३) शाखाले(१) र (२) वमोजिम निवेदन दिएका शिक्षकहरुको निवेदन छानबिन गरी प्राथमिक , निम्नमाध्यमिक र माध्यमिक तहका लागि छुट्टाछुटै बिशेषज्ञ सुची प्रकाशित गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम सुची प्रकाशन गर्दा निम्नमाध्यमिक र माध्यमिक तहका लागि बिशेषज्ञ हुने विषय समेत खुलाई प्रकाशन गर्नुपर्नेछ ।

**६. बिशेषज्ञको योग्यताः**

बिशेषज्ञ हुन देहायको योग्यता हुनु पर्दछ।

(१) सम्बन्धित तहमा स्थायी सेवा अवधी ५ बर्ष पुरा भइ सो भन्दा बढीको शिक्षण अनुभव भएको हुनु पर्दछ।

क) प्राथमिक तह (१-५)का लागि स्नातक वा सो सरह उतिर्ण र तालिम प्राप्त हुनु पर्दछ।

ख) आधारभूत तह (६-८) लागी सम्बन्धित बिषयमा स्नातक वा सो सरह उतिर्ण र तालिम प्राप्त हुनु पर्दछ।

ग) माध्यमिक तह (९-१०) का लागी सम्बन्धित बिषयमा स्नातकोत्तर वा सो सरह उतिर्ण वा माध्यमिक तह (९-१०) मा १० वर्ष स्थायी स्नातक उतिर्ण र तालिम प्राप्त हुनु पर्दछ।

घ) माध्यमिक तह (११-१२)का लागी सम्बन्धित विषयमा स्नातकोत्तर उतिर्ण र माध्यमिक दित्तीय श्रेणीमा कार्यरत / क्याम्पसमा २ बर्ष वा सो भन्दा बढी समय अध्यापनरत प्राध्यापक / साविक उच्च माध्यमिक तहको कोटामा कम्तिमा ५ वर्ष सेवारत शिक्षक।

**७. बिशेषज्ञ सुचिकृत तथा छनौट सम्बन्धि व्यवस्था :**

(१) बिशेषज्ञ छनौट गर्दा दफा ५ (३) अनुसार सुचिकृत भएका विषय बिशेषज्ञबाट गोलाप्रथाबाट शिक्षा ऐनको दफा २७ (१) (ग) अनुसार बिशेषज्ञ छनौट गर्नेछ ।

(२) प्राथमिक तह(१-५) को विषयविज्ञमा आधारभूत (६-८) तथा माध्यमिक तह(९-१०)का बिशेषज्ञ तथा आधारभूत तह कक्षा (६-८) को हकमा माध्यमिक (९-१०) को सुचिकृत विषय बिशेषज्ञलाइ समेत प्रयोग गर्न सकिनेछ ।

(३) कुनै विषयमा पर्याप्त विषय बिशेषज्ञ सुचिकृत नभएमा वा सुचिकृत बिशेषज्ञ उपलब्ध नभएमा नवलपरासी जिल्लाभित्रका अन्य नगरपालिकामा सुचिकृत बिशेषज्ञ बाट समेत छनौट गर्न सकिनेछ ।

(४) नवलपरासी जिल्लाभित्रका अन्य नगरपालिकामा सुचिकृत बिशेषज्ञको सुची शाखाले माग गरि अभिलेख राखनेछ।

**८. बिशेष व्यवस्थाः**

(१) नगरपालिकाले आवश्यकताअनुसार नगरपालिका स्रोतबाट सिर्जना गरीएका शिक्षक पदका लागि मध्यबिन्दु नगरपालिका शिक्षा ऐन, २०७८ अनुसार वार्षिक रुपमा करारमा शिक्षक नियुक्तिका लागि बिज्ञापन गर्न सक्नेछ ।

(२) यस दफा बमोजिम बिज्ञापन गर्दा एक शैक्षिकसत्र भरि विद्यालयहरुमा रिक्त हुन सक्ने शिक्षक पदको अनुमान गरि बिज्ञापन गरिनेछ ।

(३) तोकिएको संख्याका उम्मेदवारहरुलाई योग्यताक्रम सुचिमा राखी नतिजा प्रकाशन गरिनेछ।

(४) यो दफा बमोजिम योग्यताक्रम सुचिमा रहेका उम्मेदवारहरुलाई एक शैक्षिक सत्र भित्र विद्यालयहरुमा रिक्त हुने शिक्षक पदमा करार नियुक्तिका लागि सिफारिस गरिनेछ ।

(५) यस दफा बमोजिम सिफारिस भएका उम्मेदवारहरुलाई विद्यालय व्यवस्थापन समितिले करारमा नियुक्ति गर्नुपर्नेछ ।

६) विद्यालयमा रिक्त हुने विद्यालय कर्मचारी र बाल विकास केन्द्र सहयोगी कार्यकर्ता र विद्यालय श्रोतको शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था विद्यालयले बनाएको कार्यविधि अनुसार हुनेछ ।

मध्यबिन्दु नगरपालिका

## परिच्छेद ४ - करार नियुक्ति

**९. करारमा शिक्षक नियुक्तिः**

१) यस कार्यविधि बमोजिम छनौट भएको शिक्षकको बढीमा एक शैक्षिक सत्रका लागि विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार विद्यालयले करारमा नियुक्ति गर्नेछ ।

२) करार नियुक्ति भएका शिक्षकको अभिलेखका लागि फाइल खडा गरि १५ दिनभित्र नगरपालिकामा पेश गर्नुपर्नेछ।

३) विद्यालयले करारमा शिक्षक नियुक्ति गरेको जानकारी अभिलेख हस्तान्तरण नहुदा सम्म शिक्षा विकास तथा समन्वय इकाईमा समेत दिनुपर्नेछ ।

४) शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक नियुक्ति भई आएमा करारमा नियुक्ति भएको शिक्षक जुनसुकै बेला सेवाबाट अवकास हुनेछ ।

**१०. वैकल्पिक उम्मेदवारले नियुक्ति पाउने**

१) सफल उम्मेदवारले सिफारिस भएको मितिले सातदिनभित्र करार नियुक्ति लिई विद्यालयमा हाजिर हुनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम सफल उम्मेदवारले करार नियुक्ति नलिएमा वा नियुक्ति लिई हाजिर नभएमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ।

३) वैकल्पिकमा रहेका उम्मेदवारको म्याद करार नियुक्तिको लागि सिफारिस भएको मितिले ३ (तीन) महिनाको रहनेछ ।

**११. उजुरी सम्बन्धि व्यवस्था :**

१) करारमा शिक्षक नियुक्ति सम्बन्धि विषयमा चित्त नबुझेमा उम्मेदवारले नगरपालिकामा कारण र आधार खोलि उजुरी दिन सक्नेछन ।

२) उपदफा (१) बमोजिम प्राप्त उजुरीमा छानबिन गर्न देहाय बमोजिम एक उजुरी छानबिन समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) शाखा प्रमुख/ शिक्षा अधिकृत - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी — सदस्य

३) समितिले उजुरी उपर छानबिन गरि आवश्यक निर्णय गर्नेछ ।

**१२.पारिश्रमिक सम्बन्धी व्यवस्था :**

छनौट समितिमा रहने सदस्यहरुले विद्यालय व्यवस्थापन समितिले तोके बमोजिमको पारिश्रमिक पाउनेछन् ।

मध्यबिन्दु नगरपालिका

## परिच्छेद्द ४ — विविध

१३. माध्यमिक तहमा अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षक व्यवस्थापन गर्दा विद्यालयले प्रचलित ऐन, नियम, कानुन अनुसार लाइसेन्स प्राप्त शिक्षकलाइ मात्र नियुक्ति गर्न लगाउने तर दोश्रो पटकसम्म पनि विज्ञापन गर्दा लाइसेन्स प्राप्त शिक्षक प्राप्त नभएमा तेश्रो पटकको म्यादमा अध्यापन अनुमति पत्र शिक्षक प्राप्त नहुदा सम्ममा सम्बन्धित विषयमा कम्तिमा स्नातक वा सो सरहको योग्यता हासिल गरेको शिक्षकलाइ नियमानुसार नियुक्ति गर्न सक्नेछ।

१४. विद्यालयमा रिक्त भएको विद्यालय कर्मचारी र बाल बिकास सहगोगी कार्यकर्ताको नियुक्तिका लागी विद्यालयले शिक्षा, युवा तथा खेलकुद शाखाबाट अनुमति लिई विद्यालय व्यवस्थापन समिति बाट निर्मित छनौट कार्यविधि अनुसार गर्न सक्नेछ ।

१५. **यस कार्यविधि बमोजिम हुने** :यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१६. **कार्यविधिको ब्याख्या** : यो कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गरे बमोजिम हुनेछ ।

१७. **स्वयंसेवक शिक्षक सम्बन्धि व्यवस्था** :

(१) कुनै शिक्षक तथा कर्मचारी प्रसुती बिदामा बस्दा पठानपाठनमा असर पर्ने हुदा विद्यालय व्यवस्थापन समितिले स्वयंसेवक शिक्षक छनौट कार्यविधी तयार गरि छनौट गरी पठनपाठनको व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त शिक्षकले नगरपालिकाले तोकेबमोजिम निश्चित रकम अनुदान स्वरूप उपलब्ध गराउनेछ ।

मध्यविन्दु नगरपालिका